# गुल्मीदरबार गाउँपालिका,
# गाउँकार्यपालिकाको कार्यालय,
# गौंडाकोट, गुल्मी ।

पत्रकार सम्मेलन २०७५/४/१७

**पत्रकार मित्रहरु, कार्यपालिका सदस्य ज्यूहरु, कर्मचारी साथीहरु....**

स्थानीय तहको निर्बाचन भएको एक बर्ष पूरा भएको छ । एक बर्षको अन्तरालमा गाउँपालिकाले गरेका क्रियाकलाप र आगामी दिनमा कार्यान्वयन गर्ने योजनाहरु तथा समग्र गाउँपालिकालाई समृद्ध बनाउन हामी जनप्रतिनिधिहरुको सोच र दृष्टिकोण सार्वजनिक गर्ने उद्देश्यका साथ आयोजना गरिएको यस पत्रकार सम्मेलनमा हार्दिक स्वागत छ ।

२० बर्षसम्म रिक्त स्थानीय निकायहरु स्थानीय सरकारमा रुपान्तरण भएपछि निर्वाचित भएको एक बर्षको अवधिमा केहि नितिगत अष्पष्टता, कानूनको अभाव लगायत समस्याले अन्यौलता श्रृजना भए पनि गत आर्थिक वर्षमा गाउँपालिकाले गरेका केहि कार्यक्रम र नितिगत व्यवस्थाहरु यहाँहरु मार्फत सार्वजनिक गर्न गईरहेका छौं ।

गत आर्थिक बर्ष गाउँपालिकाले कुल रु २४ करोड ६९ लाख ५० हजार ५ सय ४ रुपैया ४० पैसा बजेटको कार्यक्रम तर्जुमा गरेको थियो जसमध्ये रु. १० करोड १ लाख २३ हजार शसर्त अनुदान, रु. १४ करोड ६८ लाख २७ हजार ५ सय चार रुपैया ४० पैसा समानीकरण अनुदान प्राप्त गरेकोमा समानीकरण अनुदानबाट रु. ११ करोड ९३ लाख ३३ हजार ५ सय चार रुपैया चालीस पैसा पूँजिगत खर्चमा र रु. २ करोड ७४ लाख ९४ हजार चालु खर्चमा विनियोजन गरिएकोमा सो आ.ब. को अन्त सम निम्नानुसार प्रगति भएको छ ।

**क. सशर्त अनुदान तर्फः**

| विनियोजन रु | खर्च रु | प्रतिशत |
|---|---|---|
| १०,०१,२३,०००। | ९,७५,४७,५४३/८९ | ९७.४२% |

**ख. समानीकरण अनुदान तर्फः**

| क्र.सं. | शिर्षक | विनियोजन रु | खर्च रु | प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु | २,७४,९४,०००। | २,६७,९४,०५४/५८ | ९७.४५% |
| २ | पूँजिगत | ११,९३,३३,५०४/४० | १०,३८,७०,१५१/९९ | ८७.०४% |
| | | | जम्मा वित्तिय प्रगति | ९२.४% |

**गत आर्थिक बर्षमा गरिएका केहि उल्लेखनिय कार्यहरुः**

१. <u>सूशासन तर्फः</u>

**क.** कार्यालयमा डिजिटल नागरिक बडापत्र, डिजिटल बोर्ड, डिजिटल विधुतिय हाजिरी, प्रत्येक वडामा नागरिक बडापत्रको व्यवस्था, सार्वजनिक सुनुवाई, सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

**ख.** २७ वटा कानूनहरु तर्जुमा गरी कार्यान्वयमा ल्याईएको छ, जसमध्ये १७ वटा कानूनहरु राजपत्रमा प्रकाशित गरिसकिएको छ भने अन्य कानूनहरु प्रकाशित गर्ने क्रममा छन् ।

**ग.** कार्यालयको सुरक्षा व्यवस्था र सेवा प्रवाहलाई निगरानी गर्न कार्यालय परिसरमा सि.सि. क्यामरा जडान गरिएको छ, कार्यालय परिसरमा फ्रि. वाईफाईको व्यवस्था गरिएको छ भने सवे वडाहरुमा ईन्टरनेट जडान भएको छ ।

**घ.** गाउँपालिकाले सञ्चालन गर्ने योजनाहरुलाई सफ्टवेयर मार्फत कार्यन्वयन गर्ने गरी सफ्टवेयर जडान भएको छ ।यस आ.ब. देखि उक्त सफ्टवेयर कार्यान्वयनमा आई योजना सम्झौता कार्यन्वयन र भुक्तानी प्रकृया सरल हुने विश्वास लिईएको छ ।

**ङ.** गाउँपालिकाले प्रयोग गर्ने सवारी साधन इन्धन खर्च तथा मर्मत सम्बन्धी कार्यलाई व्यवस्थीत गरी मितव्ययीता अपनाउन कार्यविधि बनाई कार्यन्वयन गरिएको छ ।

२. <u>कर्मचारी व्यवस्थापन</u>

हाल गाउँपालिकामा स्थायी, अस्थायी, ज्यालादारी सहित जम्मा ४६ जना कर्मचारीहरु कार्यरत रहेका छन् । कार्यालयको आन्तरिक संगठन संरचना अनुसारका दरबन्दी पूर्ति हुन बाँकी रहेका छन भने गाउँपालिकाको दरबन्दी र संगठन संरचना तयार गरी स्वीकृतिको लागि मन्त्रालयमा पठाईएको छ ।

३. <u>आन्तरिक आम्दानी</u>

गत आ.ब. मा रु. १० लाख आन्तरीक आम्दानी प्रक्षेपण गरएकोमा रु. १३ लाख ४४ हजार ६ सय ९२ रुपैंया आय भएको छ ।

४. <u>योजना कार्यन्वयन</u>

गत आ.ब.मा सभाद्वारा स्वीकृत जम्मा ४४४ योजनाहरु मध्ये ४१० वटा योजनाहरु कार्यन्वयन भई जम्मा ९२.४१% भौतिक प्रगति भएको छ । अधिकाशं योजनाहरु उपभोक्ता समिति मार्फत कार्यन्वयन भएका थिए । जसमध्ये सडक निर्माण र मर्मत, खानेपानी व्यवस्थापन, तर्फ प्रमुख पूर्वाधारका योजनाहरु थिए भने सामाजिक विकास तर्फ दलित, जनजाति, महिला, अपाङ्ग, बृद्ध-बृद्धाहरुमा केन्द्रित कार्यक्रमहरु सञ्चालन गरिएका थिए ।

५. **सामाजिक विकास तर्फका अन्य कार्यक्रमहरुः**

**क.** विधालयहरुको समायोजन र शिक्षक दरबन्दी मिलानः

गाउँपालिका भित्रका ४० वटा विधालयहरुको स्थलगत अध्ययन गरी जनसंख्या, भौगोलिक अवस्था, दूरी एवं विधार्थी संख्या समेतलाई आधार मानी ३ वटा विधालयहरुको शिशु कक्षा बाहेकका कक्षाहरु अन्य नजिक पायक पर्ने विधालयहरुमा गाभिएको छ भने त्यहाँबाट बढी भएका १४ जना शिक्षकहरुलाई शिक्षक कम भएका विधालयहरुमा दरबन्दी मिलान गरीएको छ ।चालु आ.ब.मा १२ जना शिक्षक थप गरी दरबन्दी कम भएका विधालयहरुमा खटाई गाउँपालिकाले तलब दिने गरि बजेट व्यवस्था गरिएको छ ।

**ख.** विधालयमा लामो समय अध्यापन गर्ने शिक्षकहरुलाई ससम्मान अवकाशमा पठाई नयाँ र उर्जाशिल शिक्षकहरुलाई भर्ना गर्न शिक्षक स्वेच्छीक अवकाशको निमित्त २ महिनाको तलब बराबरको रकम प्रदान गरी नयाँ शिक्षक भर्नाको व्यवस्था गर्ने कार्यक्रम राखिएको छ ।

**ग.** निजि श्रोतका शिक्षकहरुलाई तलबको व्यवस्था गर्न कठिनाई भएकोले स्थलगत सर्वेक्षणबाट शिक्षक आवश्यक पर्ने विधालयहरुको लागि ११ जना शिक्षकलाई अनुदान कोटामा करारमा लिई काममा लगाउन बजेट व्यवस्था गरिएको छ । ७ वटा शिशु कक्षा थप गरिएको छ ।

**घ.** गत आ.ब.मा गाउँपालिकाले आधारभूत स्वास्थ्य प्रवर्द्धन गर्न आवश्यक पर्ने सम्पूर्ण औषधी निशुल्क वितरण गरिएको थियो।

**ङ.** सुत्केरी र गर्भवतिहरुलाई पोषण सम्बन्धी सचेतना अभिवृद्धि गर्न पोषण सप्ताह मनाई पोषण वितरण गरिएको थियो ।

**च.** बृद्धहरुको आर्थिक र शारिरिक अवस्थालाई मध्यनजर गरी सबै वडाहरुमा निशुल्क स्वस्थ्य शिविर आयोजना गरिएको थियो ।

६. **आर्थिक विकास तर्फः**

**क.** कृषक तालिम, विउ विजन वितरण, टनेल खरिद र वितरण, हाते ट्र्याक्टर वितरण जस्ता कार्यक्रम कार्यान्वयन गरिएको थियो ।

**ख.** पशुपालन तर्फ घाँसको बिउ वितरण, व्यवशायीक पशु पंक्षि तालिम जस्ता कार्यक्रम संचालन गरिएको थियो ।

**आगामी आर्थिक बर्षका प्रमुख कार्यक्रमहरु**

१. आगामी आर्थिक बर्षको गाउँपालिकाको कुल आम्दानी तथा खर्च यस प्रकार अनुमान गरिएको छ ।

**आय तर्फः**

| **क्र.सं.** | **आम्दानीको किसिम** | **आय रु.** |
|---|---|---|
| १ | समानीकरण | १३,९३,८९,०००। |
| २ | सशर्त | १३,००,००,०००। |
| ३ | आन्तरीक आम्दानी रु. | २०,००,०००। |
| ४. | गत आ.ब.को मौज्दात (अल्या) | १,७५,००,०००। |
| | **कुल जम्मा रु.** | **२८,८८,८९,०००।** |

व्यय तर्फको अनुमान

| क्र.सं. | व्यय शिर्षक | रकम रु. |
|---|---|---|
| १ | पूँजिगत | १०,३६,३६०००। |
| २ | चालु | ५५,२५,३०००। |
| ३ | सशर्त | १३,००,००,०००। |
| | **कुल जम्मा रु.** | **२८,८८,८९,०००।** |

**प्रमुख कार्यक्रमहरुः**

१. सूचना प्रविधि मैत्री गाउँपालिका निर्माण गर्न आय व्यय योजना लगायतमा सफ्टवेयर जडान गर्ने र आगामी ५ बर्ष भित्र कागज रहित कार्यालय निर्माण गर्न आवश्यक पूर्वाधार तयार गर्दै लैजान रकम विनयोजन गरिएको छ ।

२. गाउँपालिकाको व्यवस्थित विकास गर्न गुरुयोजना तयार गर्ने र आगामी आ.ब. देखि कार्यान्वयन गरिने छ ।

३. गाउँपालिकाका हरेक गतिविधिहरु बेभसाईटमा अपडेट गरी सार्वजनीककरणको व्यवस्था मिलाईने छ ।

४. गाउँपालिका अन्तर्गतका सबै सरकारी निकायहरुमा डिजीटल हाजिरीको व्यवस्था गर्न रकम विनियोजना गरिएको छ ।

५. आन्तरीक आयको सम्भाव्यता अध्ययन गरिने छ । सम्पत्ती कर कार्यन्वयन गरिने छ ।

६. योजनाको कार्यान्वयनलाई प्रभावकारी बनाई समयमै कार्य सम्पन्न गर्न खरिद योजना तर्जुमा गरिएको छ र सोही अनुसारको कार्यतालिका बमोजिम कार्य गरिनेछ ।

७. आगामी आर्थिक बर्ष देखि साना र टुक्रे योजनाहरुलाई निरुत्साहीत गरी देखिने र प्रभावकारी योजना तर्जुमा गर्न विकासका विभिन्न क्षेत्रहरुको विस्तृत अध्ययन गरी बजेट विनियोजन गर्न योजनाहरुको विस्तृत अध्ययन र सर्वेक्षण गरिनेछ ।

गाउँपालिकालाई विकसित र समुन्नत बनाउन हामी सबैको प्रयास महत्त्वपूर्ण हुने हुँदा हामी आम जनता, पत्रकार, बुद्धिजिवी, शिक्षक सबै पक्षसँग सहकार्य र हातेमालो गर्दै अगाडी बढन प्रतिवद्ध छौं । गाउँपालिकाले आयोजना गरेको यस कार्यक्रममा सहभागी हुनु भएकोमा यहाँहरुलाई हार्दिक धन्यबाद प्रकट गर्दै आगामी दिनमा पनि यहाँहरुको निरन्तर सहयोगको अपेक्षा गर्दछौं ।